# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनाको तथ्याङ्कमा आधारित)*

**नेपाल राष्ट्र बैंक**

**बैशाख २०६२**

***www.nrb.org.np***

# वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनाको तथ्याङ्कमा आधारित)*

## सारांश

१. आर्थिक वर्ष २०६१/६२ मा देशको कुल गार्हस्थ उत्पादन (उत्पादकको मूल्यमा) ३.६ प्रतिशतले वृद्धि हुने पूर्वानुमान रहेको छ । यो वृद्धिदर गत वर्षको ३.५ प्रतिशतभन्दा सीमान्त दरले बढी छ । यो वृद्धिदर शुरुमा अनुमान गरिएभन्दा केही कम छ । कुल गार्हस्थ उत्पादनको वृद्धिमा निजी क्षेत्रतर्फको निर्माणकार्य, खानी तथा उत्खनन् र धरजग्गा कारोबारमा आएको तीब्रताको प्रमुख योगदान रहेको छ । समष्टिगत मागको आधारमा विश्लेषण गर्दा बाह्य माग कमजोर रहे तापनि ट्रान्सफर आय तथा बैंक कर्जामा भएको वृद्धिले आन्तरिक माग बढाई कुल गार्हस्थ उत्पादनमा सकारात्मक भूमिका खेलेको छ ।

२. विस्तृत मुद्रा प्रदाय ($M_2$) को वृद्धिमा कमी आएको छ । यसैगरी आवधिक निक्षेपको वृद्धिमा पनि कमी आएको छ । वैदेशिक ऋण परिचालनमा आएको ह्रासबाट खुद वैदेशिक सम्पत्तिमा कमी आएको कारण विस्तृत मुद्रा प्रदायको विस्तारमा कमी आएको हो । अर्कोतर्फ वाणिज्य बैंकहरुको उपभोग्य कर्जामा विस्तार आएकोले निजी क्षेत्र तर्फ प्रवाहित कर्जामा वृद्धि भएको छ । परिणमस्वरुप, बैंकिङ्ग क्षेत्रको तरलतामा कमी आई हालैका महिनाहरुमा अल्पकालीन ब्याजदर बढ्न थालेको छ ।

३. बिन्दुगत आधारमा राष्ट्रिय शहरी क्षेत्रको उपभोक्ता मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । पेट्रोलियम पदार्थको मूल्यमा आएको वृद्धिले समग्र मूल्यमा वृद्धि भएको हो । तथापी औसत मूल्य वृद्धिदर भने गत वर्षको यसै अवधिको भन्दा कम रहेको छ ।

४. सरकारी बजेट घाटामा उच्च गिरावट आएको छ । राजस्व परिचालनको वृद्धिदर गतवर्षको भन्दा केही कम रहेको भए तापनि कुल खर्चको तुलनामा कुल साधनको वृद्धिदर उच्च रहेकोले बजेट घाटामा ह्रास आएको हो । नगद वैदेशिक ऋणमा उच्च ह्रास आएको भए तापनि नगद वैदेशिक अनुदानमा भने उल्लेख्य वृद्धि भएको छ । श्री ५ को सरकारले नेपाल राष्ट्र बैंकसंग नगद मौज्दात कायम राखेको छ । साथै, श्री ५ को सरकारको खुद आन्तरिक ऋण परिचालन ऋणात्मक रहेको छ ।

५. शोधनान्तर संतुलन देशको पक्षमा रहेको भए तापनि शोधनान्तर बचतको रकमको स्तर भने गत वर्षकोभन्दा कम छ । निर्यातमा सीमान्त वृद्धि भएको छ भने वस्तु तथा सेवाको आयत घटेको छ । विप्रेषण आयमा सीमान्त वृद्धि भएको छ । पेन्सन आयमा पनि वृद्धि भएको छ । कुल वैदेशिक ब्यापारमा भारतको अंश बढेको छ ।

६. कुल परिवर्त्य मुद्रा संचितिको वृद्धि क्रम जारी छ । विद्यमान संचिति एक वर्षभन्दा बढीको वस्तु आयात धान्न पर्याप्त छ । भारतीय मुद्राको संचितिमा चाप बढेको भए तापनि यसमा क्रमिक सुधार हुँदै आएको छ ।

**कुल गार्हस्थ्य उत्पादन**

१. आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनासम्मको उपलव्ध समष्टीगत आर्थिक तथ्यांकका आधारमा यस वर्षको कुल गार्हस्थ्य उत्पादन (आर्थिक वर्ष २०५१/५२ को स्थिर मूल्यमा) ३.६ प्रतिशतले बढ्ने प्रक्षेपण गरिएकोछ । सरकारी पूँजीगत खर्च न्यून रहने तथा स्वदेशी वस्तु तथा सेवाको वाह्य माग समेत कमजोर रहने आधारमा चालु वर्षको कुल गार्हस्थ्य उत्पादन बृद्धिदर न्यून रहने प्रक्षेपण गरिएको हो ।

२. कृषि गार्हस्थ्य उत्पादन गत वर्ष ३.९ प्रतिशले बढेकोमा यो वर्ष सामान्य रुपले घटी ३.४ प्रतिशत रहने अनुमान छ । मौसमी प्रतिकुलताका कारण धानको उत्पादन घट्न गएबाट चालु वर्षको कृषि गार्हस्थ्य उत्पादन बृद्धिदर न्यून रहने अनुमान गरिएको हो ।

३. गैर कृषि गार्हस्थ्य उत्पादन गतवर्ष ३.१ प्रतिशतले बढेकोमा यसवर्ष ३.७ प्रतिशतले बढ्ने अनुमान छ ।

४. गैर कृषि उत्पादन बृद्धिदरमा हुने सुधारका कारण समग्र आर्थिक बृद्धिदर गतवर्षको ३.५ प्रतिशतको तुलनामा सीमान्तरुपले बढी यसवर्ष ३.६ प्रतिशत रहने प्रक्षेपण गरिएको हो । निजिक्षेत्रको रकमान्तर आय तथा बैंक कर्जामा बृद्धि भई मुख्यतया निजिक्षेत्रवाट हुने निर्माण कार्य, खानी तथा उत्खनन् उपक्षेत्र, घरजग्गामा भएको बृद्धिका कारण गैर कृषि क्षेत्रको बृद्धि केही उच्च रहने अनुमान गरिएको हो ।

## मौद्रिक स्थिति

५. **मौद्रिक योगाङ्कहरुको स्थिति :** यस वर्षको प्रथम आठ महिनामा विस्तृत मुद्रा प्रदायको बृद्धिदर (५.९ प्रतिशत) गत वर्षको वृद्धिदर (६.७ प्रतिशत) भन्दा कम रहेको छ । यस वर्ष खुद वैदेशिक सम्पत्तिको विस्तारमा कमी आए तापनि खुद आन्तरिक सम्पत्ति उल्लेख्य बढेकोले विस्तृत मुद्रा प्रदाय वृद्धि भएको हो । फलस्वरुप, विस्तृत मुद्रा प्रदाय वृद्धिमा खुद वैदेशिक सम्पत्तिको अंश गत वर्ष को ६६.४ प्रतिशतबाट समीक्षा अवधिमा २६.६ प्रतिशतमा झरेको छ । खुद आन्तरिक सम्पत्तिको अंश भने गत वर्षको ३३.६ प्रतिशतबाट बढेर ७३.४ प्रतिशत रहन गएको छ । विस्तृत मौद्रिक योगाङ्का दुई अंशहरुमध्ये संकुचित मुद्रा प्रदाय ५.४ प्रतिशतले बढेर रु. ९९ अर्ब २ करोड पुगेको छ । संकुचित मुद्रा प्रदायको उक्त वृद्धिदर गत वर्षको वृद्धिदर (२.३ प्रतिशत) को तुलनामा दोब्बरले बढी रहेको छ । आवधिक निक्षेप गत वर्ष ९.० प्रतिशतले वृद्धि भएको तुलनामा यस वर्ष कम दर अर्थात ६.२ प्रतिशतले बढेर रु. १९४ अर्ब ६८ करोड पुगेको छ । यस आर्थिक वर्षको शुरुमा विप्रेषण (रेमिटान्स) आप्रवाहमा केही कमी आएकोले आवधिक निक्षेपको वृद्धिदरमा कमी आएको हो ।

**मौद्रिक योगाङ्कहरुलाई प्रभाव पार्ने कारक तत्वहरु**

६. **संचित मुद्रा :** मुद्रा प्रदायमा विस्तारकारी प्रभाव पार्ने संचित मुद्रा (Reserve Money) को गत वर्षको ६.९ प्रतिशतको बृद्धिको विपरित समीक्षा अवधिमा ३.४ प्रतिशतले घटेर रु. ९१ अर्ब २३ करोड रहेको छ । वाणिज्य बैंकहरुको नेपाल राष्ट्र बैंकसँग रहेको मौज्दातमा उल्लेख्य कमी आएका कारण संचित मुद्रा प्रदाय घट्न गएको हो । अर्को तर्फ नेपाल राष्ट्र बैंकको खुद वैदेशिक सम्पत्तिमा (विदेशी विनिमय मूल्याङ्कन समायोजन समेत) यस वर्ष ०.६ प्रतिशतको सीमान्त वृद्धि भएको छ । जब कि गत वर्ष यस्तो सम्पत्ति १६.६ प्रतिशतले बढेको थियो । नेपाल राष्ट्र बैंकको खुद वैदेशिक सम्पत्तिको बृद्धिमा आएको गिरावटले पनि संकुचित मुद्रा घटाउन सहयोग पुऱ्याएको छ ।

७. **मुद्रा गुणक :** यस वर्षको समीक्षा अवधिमा दुवै मुद्रा प्रदायका (विस्तृत र संकुचित) गुणकहरु (multipliers) मा बढ्ने प्रवृत्ति देखिएको छ । गत वर्ष संकुचित मुद्रा गुणक ($M_1$ multiplier) ०.९८९ रहेकोमा यस वर्ष १.०८५ रहेको छ । त्यसैगरी विस्तृत मुद्रा गुणक ($M_2$ multiplier) गत वर्षको ३.०३१ बाट बढेर यस वर्ष ३.२१९ पुगेको छ । अनिवार्य नगद अनुपात कटौति र वाणिज्य बैंकहरुको अधिक तरलता अनुपातमा आएको कमी यस वर्ष मौद्रिक गुणकहरूको विस्तारका प्रमुख कारण रहेका छन ।

८. **खूद वैदेशिक सम्पत्ति :** मौद्रिक सर्भेक्षणमा अधारित मौद्रिक योगाङ्कमा विस्तारकारी भूमिका खेल्ने मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन समायोजन समेत ) यस वर्ष ४.० प्रतिशतले बढ्न गई रु. १ खर्व ९ अर्व ६१ करोड पुगेको छ । गत वर्ष खुद वैदेशिक सम्पत्ति उच्च दर अर्थात १२.० प्रतिशतले बढेको थियो । यो वर्ष बैदेशिक ऋण प्रवाहमा आएको कमीले खुद वैदेशिक सम्पत्तिको वृद्धि दर अघिल्लो वर्षको तुलनामा न्यून रहन गएको हो ।

९. **श्री ५ को सरकारलाई गएको कर्जा :** नेपाल राष्ट्र बैंकमा श्री ५ को सरकारको नगद मौज्दात उल्लेखनीय रुपमा कायम रहेकोले मौद्रिक क्षेत्रको श्री ५ को सरकारमाथिको खूद दावी यस वर्ष ३.३ प्रतिशतले घटी रु. ६० अर्ब २५ करोडमा झरेको छ । गत वर्ष यस्तो दावी ११.२ प्रतिशतले घटेको थियो ।

१०. **सरकारी संस्थानहरुलाई गएको कर्जा :** गत वर्ष ०.३ प्रतिशतले घटेको विपरित यस वर्ष मौद्रिक क्षेत्रको गैह्र वित्तीय संस्थानहरुमाथिको दावी ५०.८ प्रतिशतको उच्च दरले वृद्धि भई रु. ४ अर्ब ४० करोड पुगेको छ । वाणिज्य बैंकहरुद्धारा शाही नेपाल वायु सेवा निगम र नेपाल आयल निगमलाई गएको कर्जा वृद्धिको कारण उक्त दावी वृद्धि भएको हो । तर मौद्रिक क्षेत्रको वित्तीय संस्थानहरुमाथिको दावी गत वर्ष १०.९ प्रतिशतले बढेकोमा यस वर्ष १.२ प्रतिशतले घट्न गई रु. १३ अर्ब १८ करोडमा झरेको छ । ग्रामीण विकास बैंकहरु तथा विकास बैंकहरुले नेपाल राष्ट्र बैंकबाट उपयोग गरेको केही पुनर्कर्जा चुक्ता गरेकोले मौद्रिक क्षेत्रको वित्तीय संस्थानहरुमाथिको दावी घट्न गएको हो ।

११. **निजी क्षेत्रमा प्रवाहित कर्जा :** मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी गत वर्ष कमदर अर्थात ९.२ प्रतिशतले बढेकोमा यस वर्ष १२.३ प्रतिशतले बढ्न गई रु. १ खर्ब ९३ अर्ब ७२ करोड पुगेको छ । वाणिज्य बैंकहरुले प्रतिस्पर्धात्मक ढंगबाट उपभोग्य कर्जा विस्तार गरेको कारण निजी क्षेत्रमाथिको दावी यस वर्ष उल्लेख्य रुपमा बढ्न गएको हो । यस वर्ष पुराना दूई ठूला वाणिज्य बैकहरू भन्दा पनि नेपाल अरव बैंक, हिमालयन बैंक लिमिटेड, एभरेष्ट बैंक, नेपाल इन्भेष्टमेन्ट बैक आदिले निजी क्षेत्र तर्फ कर्जा प्रवाह बढाएका छन् ।

१२. **कुल आन्तरिक कर्जा :** माथि उल्लेखित (९) देखि (११) सम्मका कारणहरुले गर्दा कुल आन्तरिक कर्जा यस वर्ष ८.१ प्रतिशतले बढ्न गई रु. २ खर्ब ७१ अर्ब ५५ करोड पुगेको छ । गत वर्ष सो कर्जा ३.५ प्रतिशतले मात्र बढेको थियो । कुल आन्तरिक कर्जामा श्री ५ को सरकारको अंश १.४ प्रतिशत बिन्दुले घटेर यस वर्ष २२.२ प्रतिशतमा कायम रहेको छ ।

१३. **खूद अमौद्रिक दायित्व तथा खूद आन्तरिक सम्पत्ति :** गत वर्ष ३.४ प्रतिशतको कम दरले वृद्धि भएको तुलनामा खूद अमौद्रिक दायित्व (विदेशी विनिमय मुल्यांकन समायोजन समेत) यस वर्ष १०.२ प्रतिशतले बढ्न गई रु. ८७ अर्ब ४६ करोड पुगेको छ । वाणिज्य वैंकहरुले खराब कर्जाको लागि राख्नु पर्ने जगेडाको रकम र चुक्ता पूँजी वृद्धि भएकोले यस वर्ष खूद अमौद्रिक दायित्व बढ्न गएको हो । यस वर्ष खूद आन्तरिक सम्पत्ति (विदेशी विनियम मूल्याङ्कन समायोजन समेत) ७.१ प्रतिशतले बढ्न गई रु. १ खर्ब ८४ अर्ब ९ करोड पुगेको छ जब कि गत वर्ष खुद आन्तरिक सम्पत्ति ३.६ प्रतिशतले मात्र बढेको थियो । मौद्रिक क्षेत्रको कुल आन्तरिक कर्जामा बृद्धिका कारणले यस वर्ष खुद आन्तरिक सम्पत्ति बढी दरले विस्तार भएको हो ।

**मौद्रिक उपायहरुको कार्यान्वयन स्थिति**

१४. नेपाल राष्ट्र बैंकले समीक्षा अवधिमा रु. १० अर्ब ५० करोड तरलता बिक्री बोलकबोल मार्फत प्रशोचन (withdrawl) गऱ्यो र खरीद बोलकबोल मार्फत रु. १ अर्ब ३१ करोड तरलता प्रवाह (injection) गऱ्यो । नेपाल राष्ट्र बैंकले रिपो बोलकबोल मार्फत भने रु. ५ अर्ब ७६ करोड तरलता प्रवाह गऱ्यो र रिभर्स रिपो बोलकबोल मार्फत रु. ४ अर्ब ७ करोड तरलता प्रशोचन गऱ्यो । यसरी दोश्रो बजार मार्फत रु. ७ अर्ब १ करोड तरलता प्रवाह गरियो भने रु. १४ अर्ब ५७ करोड तरलता प्रशोचन भयो । फलस्वरुप, यो अवधिमा खूद तरलता प्रशोचन रु. ७ अर्ब ५० करोड रह्यो । नेपाल राष्ट्र बैंकले समग्र (cumulative terms) मा रु. ४० अर्ब १७ करोड बराबरको स्थायी तरलता सुविधा प्रदान गऱ्यो ।


१५. त्यसै गरि नेपाल राष्ट्र बैंकले विदेशी मुद्रा बजारमा हस्तक्षेप गरी यस अवधिमा रु. २ अर्ब ८४ करोड बराबरको अमेरिकी डलर बिक्री गऱ्यो भने सोही अवधिमा रु. २३ अर्ब बराबरको अमेरिकी डलर खरिद गरी खूद रु. २० अर्ब १६ करोड बराबरको तरलता प्रवाह गऱ्यो ।

१६. निजी क्षेत्रतर्फ बैक कर्जा उल्लेख्य परिमाणमा बढेकोले वाणिज्य बैंकहरुको अधिक तरलतामा कमी आएको छ । फलस्वरुप, २०६१ श्रावणमा ०.६२ प्रतिशत रहेको ९१ दिने भारित औसत ट्रेजरी विल्स दर २०६१ फागुन महिनामा २.९४ प्रतिशत पुगेको छ ।

## शेयर बजार गतिविधि

१७. २०६१ फागुन मसान्तमा नेप्से परिसूचक गत वर्षको सोही महिनाको तुलनामा ७२.८ विन्दु (३५.१ प्रतिशत) ले वृद्धि भई २८०.६ पुगेको छ । सूचीकृत कम्पनीहरुको संख्या तथा तिनीहरुको बजार पूँजीकरणमा भएको वृद्धिको फलस्वरुप नेप्से परिसूचक वृद्धि हुन गएको हो । नेपाल राष्ट्र बैंकले बाणिज्य बैंक तथा वित्तीय संस्थाहरुलाई चुक्ता पूँजी वृद्धि गर्न तथा सूचिकृत नभएका त्यस्ता संस्थाहरुलाई सूचिकृत हुन निर्देशन दिएको परिणामस्वस्प समीक्षा महिनाको मसान्तमा सूचिकृत कम्पनिको चुक्ता पूँजी गत वर्षको सोही समयको तुलनामा २५.५ प्रतिशतले वृद्धि भई रु. १६ अर्ब २८ करोड पुगेको छ । त्यसैगरी सूचीकृत कम्पनीहरुको बजार पूँजीकरण ५३.४ प्रतिशतले वृद्धि भई रु. ५८ अर्ब ९९ करोड पुगेको छ । २०६१ फागुन मसान्तमा सूचीकृत कम्पनीहरुको संख्या १२३ पुगेको छ जुन गत वर्षको सोही समयमा ११३ रहेको थियो । त्यसैगरी शेयर बजारमा कारोबार गर्ने कम्पनीको संख्या गत वर्षको ६३ बाट बढेर यस वर्ष ७५ पुगेको छ ।

चार्टः १
नेप्से परिसूचकाङ्क
(फागुन मसान्तको)




## मूल्य स्थिति

१८. विन्दुगत आधारमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क २०६१ फागुनमा ५.७ प्रतिशतले बढ्न गएको छ । २०६० फागुनमा यस्तो वृद्धिदर ४.४ प्रतिशत रहेको थियो । तेल तथा घ्यू र मरमसलाको मूल्यमा ह्रास आएको भए तापनि चिनी तथा चिनीजन्य पदार्थ, यातायात तथा संचार, घरायसी सामान तथा सेवा, माछा, मासु तथा फुल र रेष्टूराँको खानाको मूल्यमा उच्च वृद्धिका कारण गत वर्षको तुलनामा यस वर्ष मूल्य सूचकाङ्कको वृद्धिदर बढी रहन गएको हो । २०६० फागुनमा १५३.१ रहेको समग्र मूल्य सूचकाङ्क २०६१ फागुनमा १६१.९ पुगेको छ ।

१९. गत आर्थिक वर्षको प्रथम आठ महिनाको औसत मूल्य वृद्धिदर ५.१ प्रतिशत रहेकोमा यस वर्ष यस्तो वृद्धिदर ३.७ प्रतिशत
मात्र रहेको छ । यस वर्ष पेट्रोलियम पदार्थको मूल्य वृद्धि हुनु पहिलेको अवधिमा मूल्य वृद्धिदर सामान्य रहेकोले गत वर्षको तुलनामा यस वर्षको औसत मूल्य वृद्धिदर कम रहेको छ ।

२०. विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थको मूल्य गत वर्ष ३.१ प्रतिशतले बढेकोमा यस वर्ष ४.७ प्रतिशतले बढेको छ । यस समूह अन्तर्गतका उप-समूहहरुमध्ये चिनी तथा चिनीजन्य पदार्थ (२५.५ प्रतिशत), माछा, मासु तथा फुल (९.१ प्रतिशत), रेष्टुराँको खाना (७.४ प्रतिशत), अन्न तथा अन्नबाट बनेका परिकारहरु (५.८ प्रतिशत), तरकारी तथा फलफूल (४.० प्रतिशत), दलहन (३.६ प्रतिशत), तथा पेय पदार्थ (३.२ प्रतिशत) को मूल्यमा वृद्धि हुन गएको छ भने तेल तथा घ्यू (७.५ प्रतिशत) र मरमसला (४.९ प्रतिशत) को मूल्यमा ह्रास आएको छ ।

२१ .यस वर्ष गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क ६.८ प्रतिशतले बढ्न गएको छ । गत बर्ष यस्तो मूल्य सूचकाङ्क ५.७ प्रतिशतले बढेको थियो । यस समूह अन्तर्गतका उप-समूहहरुमा यातायात तथा संचार (१४.१ प्रतिशत), घरायसी सामान तथा सेवाहरु (१२.३ प्रतिशत), शिक्षा, शैक्षिक सामाग्री तथा मनोरञ्जन (४.६ प्रतिशत), सूर्ती तथा

सूर्तीजन्य पदार्थ (२.५ प्रतिशत), लत्ता कपडा तथा तयारी लुगा (२.५ प्रतिशत), जुत्ता (१.३ प्रतिशत) र औषधी तथा व्यक्तिगत हेरचाह (१.१ प्रतिशत) सबैको मूल्यमा वृद्धि भएको छ ।

२२. क्षेत्रगत आधारमा वार्षिक विन्दुगत रुपमा काठमाडौं उपत्यका, पहाड र तराईमा क्रमशः ६.१ प्रतिशत, ६.६ प्रतिशत र ५.२ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । गत वर्ष यस्तो वृद्धिदर क्रमशः ७.० प्रतिशत, ३.४ प्रतिशत र ३.४ प्रतिशत रहेको थियो । खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क काठमाडौ उपत्यका, पहाड र तराईमा क्रमशः ५.४ प्रतिशत, ५.९ प्रतिशत र ३.८ प्रतिशतले बृद्धि भएको छ । त्यस्तै गरी, गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क काठमाडौ उपत्यका, पहाड र तराईमा क्रमशः ६.९ प्रतिशत, ७.३ प्रतिशत र ६.६ प्रतिशतले वृद्धि भएको छ ।

२३. वार्षिक विन्दुगत आधारमा राष्ट्रिय थोक मूल्य सूचकाङ्क २०६१ फागुन महिनामा ८.५ प्रतिशतले बृद्धि भएको छ । गत वर्षको यसै अवधिमा यस्तो वृद्धिदर ३.६ प्रतिशत रहेको थियो । मरमसला तथा दलहनको मूल्यमा ह्रास आए तापनि पेट्रोलियम पदार्थ र कोइला, रसायनिक मल तथा रसायनिक वस्तु, र खाद्यान्न तथा निर्माण सामग्रीहरुको मूल्य वृद्धि भएका कारण गत वर्षको तुलनामा यस वर्षको मूल्य सूचकाङ्क बढी दरले वृद्धि हुन गएको छ । समूहगत रुपमा आयातीत वस्तुहरु, कृषि सम्बन्धी वस्तुहरु र स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्कमा क्रमशः १२.४ प्रतिशत, ७.७ प्रतिशत, र ४.३ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको प्रथम आठ महिनाको औसत मूल्य वृद्धिदर ४.५ प्रतिशत रहेकोमा यस वर्ष यस्तो मूल्य वृद्धिदर ६.३ प्रतिशत रहन गएको छ ।

## सरकारी वित्त स्थिति


२४. श्री ५ को सरकारको कुल खर्चलाई साधारण र विकास खर्चमा वर्गीकरण गर्ने गरिएकोमा आर्थिक वर्ष २०६१/६२ देखि यसमा परिवर्तन गरी चालु खर्च, पूंजीगत खर्च र सांवा भूक्तानी गरी तीन भागमा बर्गीकरण गरिएको छ । यी शीर्षकहरु र विगत आर्थिक वर्षहरुमा भएको साधारण र विकास खर्च शीर्षकहरुमा भएको खर्चको तुलनात्मक बिश्लेषण गर्न सान्दर्भिक हुने नदेखिएकोले यस आर्थिक वर्षको प्रथम आठ महिनाकों तथ्यांक मात्र प्रस्तुत गरिएको छ । नगद प्रवाहमा आधारित तथ्यांक अनुसार श्री ५ को सरकारको कुल खर्च गत वर्ष १०.९ प्रतिशतले बढेकोमा यस वर्ष ८.७ प्रतिशतले बढेर रु. ४६ अर्ब ३० करोड पुगेको छ । यस वर्षको कुल खर्चमध्ये चालु खर्चतर्फ रु. ३३ अर्ब १७ करोड (७१.६ प्रतिशत), पूंजीगत खर्चतर्फ रु. ५ अर्ब ७४ करोड, (१२.४ प्रतिशत), सांवा भुक्तानीतर्फ रु. ६ अर्ब (१३.० प्रतिशत) र फ्रिजतर्फ रु. १ अर्ब ३९ करोड (३.० प्रतिशत) रहेको छ ।

२५. गत वर्ष ११.५ प्रतिशतले वृद्धि भएको गैर-ऋण साधन (राजस्व, गैर-बजेटरी तथा अन्य आय र बाह्य अनुदान) यस वर्ष १३.० प्रतिशतले वृद्धि भई रु. ४४ अर्ब ६० करोड पुगेको छ । सरकारी साधनको प्रमुख स्रोत (८८.४ प्रतिशत) को रुपमा रहेको राजस्व गत वर्ष.६ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष १०.१ प्रतिशतले वृद्धि भई रु. ३९ अर्ब ४४ करोड पुगेको छ । बाह्य अनुदान गत वर्ष २ अर्ब ४५ करोड प्राप्त भएकोमा यस बर्ष रु. ३ अर्ब ९८ करोड प्राप्त भएको छ ।

चार्ट नं.: २

कुल सरकारी खर्च, साधन तथा बजेट सन्तुलन

(प्रथम आठ महिना)




२६. कुल सरकारी खर्चको तुलनामा साधन परिचालनको वृद्धिदर उच्च रहेको कारण २०६१ फागुन मसान्तसम्ममा सरकारी बजेट घाटा ४५.७ प्रतिशतले घट्न गै रु.१ अर्ब ७० करोडमा झरेको छ । गत वर्ष यसै अवधिमा रु. ३ अर्ब १४ करोड बजेट घाटा भएको थियो । यस वर्ष वैदेशिक नगद ऋण रु. १ अर्ब ३८ करोड तथा आन्तरिक ऋण रु.२ अर्ब ३४ करोड


गरी कुल रु. ३ अर्ब ७२ करोड परिचालन भएको छ । फलस्वरुप, श्री ५ को सरकारको खातामा यस महिनाको अन्त्यसम्ममा सरकारी कारोबारबाट रु. २ अर्ब २ करोड बचत रहेको छ । श्री ५ को सरकारको खातामा गत बर्ष यसै अवधिमा रु. ४ अर्ब २५ करोड बचत रहेको थियो ।

२७. २०६१ आषाढमा श्री ५ को सरकारको खातामा रु. ७५ करोड बचत रहेकोमा यस अवधिमा कुल खर्चको तुलनामा कुल गैर-ऋण साधन उच्च दरले बढेको फलस्वरुप उक्त रकममा वृद्धि भई २०६१ फागुन मसान्तमा थप रु. २ अर्ब २ करोडको बचत भएको छ । फलस्वरुप, श्री ५ को सरकारको तिर्न बाँकी खुद आन्तरिक ऋण २०६१ आषाढको रु. ८५ अर्ब ३८ करोडबाट २०६१ फागुन मसान्तमा रु. ८३ अर्ब ३६ करोडमा झरेको छ ।

## वैदेशिक ब्यापार

२८. आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनासम्ममा कुल निर्यात २.३ प्रतिशतले वृद्धि भई रु. ३६ अर्ब ९५ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा कुल निर्यात ६.९ प्रतिशतले वृद्धि भएको थियो । गत वर्ष ११.८ प्रतिशतले बढेको भारततर्फको निर्यात यस वर्ष २०.९ प्रतिशतले वृद्धि भई रु. २४ अर्ब ९० करोड पुगेको छ । अन्य मुलुकतर्फको निर्यात भने गत वर्ष ०.९ प्रतिशतले बढेकोमा यस वर्ष २२.४ प्रतिशतले घटी रु. १२ अर्ब ५ करोडमा सीमित रहेको छ । यस वर्ष भारततर्फ निर्यातीत प्रमुख वस्तुहरुमध्ये अलैची, वनस्पति घ्यू, चिया, धागो, जुटका सामान, आल्मुनियम सेक्सन, तामाको तार तथा डण्डी, पित्तलको पाता, रसायन, जुत्ता चप्पल, कपडा, आदिको निर्यातमा वृद्धि भएको छ भने दन्तमन्जन, अदुवा, ढुटोको तेल, जि.आई. पाइप, एम.एस. पाइप, तयारी पोशाक जस्ता वस्तुहरुको निर्यात घटेको छ । यसैगरी अन्य मुलुकतर्फ ऊनी गलैंचा र प्रशोधित छालाको निर्यात बढे तापनि तयारी पोशाक, दाल, गरगहना र पश्मिनाको निर्यात घटेको छ ।


चार्ट नं.: ३
वैदेशिक ब्यापार
(प्रथम आठ महिना)




२९. गत वर्ष ७.९ प्रतिशतले वृद्धि भएको कुल आयात यस वर्ष ५.७ प्रतिशतले घटी रु. ८१ अर्ब ५५ करोडमा सीमित भएको छ । गत वर्ष भारतबाट ७.६ प्रतिशतले बढेको आयात यस वर्ष ७.४ प्रतिशतले वृद्धि भएको छ । अन्य मुलुकबाट भएको आयात भने गत वर्ष ८.२ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष २२.४ प्रतिशतले घटेको छ । यस वर्ष भारतबाट मुख्यतया दाल, धागो, रसायन, पेट्रोलियम पदार्थ, औषधि, कोल्ड रोल्ड सिट, प्लाष्टिक दाना लगायतका वस्तुहरुको आयात बढेको छ भने गहुँ, चामल, हट रोल्ड सिट, एम एस विलेट, अन्य यन्त्र तथा पुर्जाहरु, सिमेन्ट जस्ता वस्तुहरुको आयात घटेको छ । अन्य मुलुकहरुबाट खाद्य तेल, दूरसंचारका उपकरण तथा पूर्जाहरु, यातायातका साधन तथा पूर्जाहरु, स्टीलको तार, कच्चा नरिवल तेल जस्ता वस्तुहरुको आयात बढेको छ भने धागो, कच्चा ऊन, कच्चा सोयाविन तेल, कच्चा पाम तेल, रासायनिक मल, प्लाष्टिक दाना, हवाईजहाजका पार्टपूर्जा, विद्युतीय सामान, अन्य यन्त्र तथा पुर्जाहरु, कपडा जस्ता वस्तुहरुको आयातमा ह्रास आएको छ ।

३०. यस वर्ष कुल निर्यात बढेको र कुल आयात घटेको कारण कुल ब्यापार घाटा ११.५ प्रतिशतले घटी रु. ४४ अर्ब ६० करोडमा सीमित रहेको छ । गत वर्ष ब्यापार घाटा ८.६ प्रतिशतले वृद्धि भएको थियो । भारतसंगको ब्यापार घाटा गत वर्ष ४.६ प्रतिशतले बढेको विपरित यस वर्ष २.६ प्रतिशतले घटेको छ। त्यस्तै, तेस्रो मुलुकसंगको ब्यापार घाटा गत वर्ष १३.६ प्रतिशतले बढेको तुलनामा यस वर्ष २२.४ प्रतिशतले घटेको छ । कुल ब्यापार गत वर्ष ७.६ प्रतिशतले वृद्धि

भएको तुलनामा यस वर्ष ३.४ प्रतिशतले घटेको छ । भारततर्फको निर्यात तथा आयात बढेको तर अन्य मुलुकतर्फको निर्यात तथा आयात दुबैमा ह्रास आएको कारण कुल व्यापारमा भारतको अंश गत वर्षको ५६.२ प्रतिशतबाट बढेर यस वर्ष ६४.८ प्रतिशत पुगेको छ भने अन्य मुलुकतर्फको अंश सोही अनुसार ४३.८ प्रतिशतबाट ३५.२ प्रतिशतमा झरेको छ ।




३१. नेपालको कुल निर्यात/आयात अनुपात गत वर्ष ४१.८ प्रतिशत रहेकोमा यस वर्ष यो अनुपात बढेर ४५.३ प्रतिशत पुगेको छ । भारततर्फको निर्यात/आयात अनुपात गत वर्ष ४२.७ प्रतिशत रहेकोमा यस वर्ष ४८.० प्रतिशत पुगेको छ । अन्य मुलुकतर्फको अनुपात गत वर्ष ४०.६ प्रतिशत रहेकोमा यस वर्ष पनि ४०.६ प्रतिशत नै रहेको छ ।

## शोधनान्तर स्थिति

३२. शोधनान्तरको प्रथम सात महिनाको तथ्याङ्क अनुसार यस वर्ष, गत वर्षको सोही अवधिको तुलनामा, निर्यात बढेको तथा आयात घटेको कारण व्यापार घाटा ५.९ प्रतिशतले घटी रु. ३८ अर्ब ४० करोडमा झरेको छ । गत वर्षको सोही अवधिमा व्यापार घाटा ७.६ प्रतिशतले बढेको थियो । यस वर्ष सेवातर्फ अन्यत्र नपरेको सरकारी आय ८.७ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब ६५ करोड पुगेको छ भने पर्यटन आय २७.३ प्रतिशतले घटी रु. ६ अर्ब ६८ करोड र अन्य सेवा आय १.६ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब ५७ करोड पुगेको छ । फलस्वरुप, गत वर्ष २५.१ प्रतिशतले बढेको कुल सेवा आय यस वर्ष १२.६ प्रतिशतले घट्न गई रु. १४ अर्ब ९० करोडमा सीमित रहेको छ । सेवा क्षेत्रको भुक्तानीतर्फ पर्यटन तथा अन्य खर्च क्रमश: ४०.३ प्रतिशत र २८.२ प्रतिशतले बढेको तर यातायात क्षेत्रको खर्च ४.४ प्रतिशतले घटेको कारण कुल सेवा भुक्तानी १७.५ प्रतिशतले वृद्धि भई रु. १३ अर्ब ८३ करोड पुगेको छ ।

३३. यस वर्षको प्रथम सात महिनामा आय शीर्षकतर्फको प्राप्ति (Income Credit) ५०.५ प्रतिशतले वृद्धि भई रु. २ अर्ब ५६ करोड पुगेको छ । त्यस्तै, उक्त शीर्षकतर्फको भुक्तानी १६.५ प्रतिशतले बृद्धि भई रु. ३ अर्व २६ करोड पुगेको छ । फलस्वरुप, वस्तु, सेवा तथा आयतर्फको समग्र घाटा ३.८ प्रतिशतले बढी रु. ३८ अर्ब ३ करोड पुगेको छ । यस्तो घाटा गत वर्ष ३.९ प्रतिशतले बढेको थियो ।

३४. ट्रान्सफर आयतर्फ गत वर्ष ५०.६ प्रतिशतको उच्च दरले वृद्धि भएको अनुदान यस वर्ष ८.५ प्रतिशतले वृद्धि भई रु. १२ अर्ब ७१ करोड पुगेको छ । निजी क्षेत्रको विप्रेषण (Workers' Remittances) गत वर्षको ४.३ प्रतिशत वृद्धिको तुलनामा यस वर्ष २.० प्रतिशतले वृद्धि भई रु. ३६ अर्ब ६ करोड पुगेको छ । यस वर्ष निवृत्तिभरण (Pension) आय ९२.३ प्रतिशतले वृद्धि भई रु. ७ अर्ब २७ करोड पुगेको छ भने अन्य शीर्षकमा रहेको भारतीय अन्तःशुल्क फिर्ता रकम ११.७ प्रतिशतले बढी रु. १ अर्ब १६ करोड पुगेको छ । ट्रान्सफर भुक्तानी ७.६ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ८६ करोड पुगेको छ । गत वर्ष यस्तो भुक्तानी २.२ प्रतिशतले मात्र बढेको थियो ।


३५. यस वर्ष चालु खातामा रु. १७ अर्ब ३० करोडको बचत भएको छ । गत वर्षको सोही अवधिमा चालु खातामा रु. १३ अर्ब ४९ करोड बचत भएको थियो । पूँजीगत ट्रान्सफर यस वर्ष रु. ७० करोड प्राप्त भएको छ । गत वर्ष पूँजीगत ट्रान्सफर रु. १ अर्ब ९ करोड प्राप्त भएको थियो ।

३६ .वित्तीय खाता (Financial Account) तर्फ अन्य लगानी सम्पत्ति (Other Investment Assets) गत वर्ष रु. २३ अर्ब ४६ करोड थप भएकोमा यस वर्ष रु. १८ अर्ब २५ करोड थप भएको छ, जसमध्ये व्यापारिक ऋण रु. १ अर्ब ८५ करोडले बढेको छ । अन्य लगानी दायित्व (Other Investment Liabilities) गत वर्ष रु. १६ अर्ब ६६ करोडले बढेकोमा यस वर्ष रु. २ अर्ब ५० करोडले घटेको छ । यसमध्ये व्यापारिक ऋण (Trade Credit) रु. १८ करोडले घटेको छ । यस वर्ष रु.१ अर्ब ७० करोड बराबरको सरकारी ऋण आप्रवाह भएको र साँवा भुक्तानी रु. ३ अर्ब ३० करोड रहेको छ । फलस्वरुप, खूद सरकारी ऋण आप्रवाह रु. १ अर्ब ६० करोडले ऋणात्मक रहेको छ । यस वर्ष विदेशी मुद्रा तथा निक्षेप दायित्व रु. ५१ करोडले घटेको छ । सोही अनुरुप वित्तीय खाता रु. २० अर्ब ७८ करोडले ऋणात्मक रहन गएको छ । चालु खातामा बचत तथा विविध पूँजी समेत बढेको कारण यस वर्षको प्रथम सात महिनामा रु. २ अर्ब ९२ करोडको शोधनान्तर बचत भएको छ । गत वर्षको यसै अवधिमा रु. १० अर्ब ७६ करोडको शोधनान्तर बचत भएको थियो ।

३७. मौद्रिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनामा रु. ४ अर्ब ३१ करोड शोधनान्तर बचत भएको छ । गत वर्षको सोही अवधिमा शोधनान्तर बचत रु. १० अर्ब ९६ करोडको भएको थियो ।

## विदेशी विनिमय संचिति

३८. कुल विदेशी विनिमय संचिति २०६० फागुन मसान्तमा १४.८ प्रतिशतले वृद्धि भएको तुलनामा २०६१ फागुन मसान्तमा ५.० प्रतिशतले वृद्धि भई रु. १ खर्ब २९ अर्ब ९० करोड पुगेको छ । २०६० फागुनको तुलनामा २०६१ फागुनमा परिवर्त्य बिदेशी विनिमय संचिति १२.४ प्रतिशतले वृद्धि भएको छ । अन्य मुलुक तर्फको आयात उच्च दरले घटेको तथा बैंकिङ्ग प्रणालीबाट आउने बिप्रेषण रकम बढेको कारण आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनामा परिवर्त्य संचिति बढेको हो । यस अवधिमा भारतबाट आउने बिप्रेषण तथा खुद सेवा आय घटेकोले अपरिवर्त्य संचिति ५२.४ प्रतिशतले घटेको छ । गत वर्ष परिवर्त्य संचिति २५.१ प्रतिशतले बढेको थियो भने अपरिवर्त्य संचिति ३०.३ प्रतिशतले घटेको थियो । विद्यमान कुल संचितिमा परिवर्त्य संचितिको अंश ९४.९ प्रतिशत र अपरिवर्त्य संचितिको अंश ५.१ प्रतिशत रहेको छ । गत वर्ष यो अंश क्रमश: ८८.६ प्रतिशत र ११.४ प्रतिशत रहेको थियो । यस वर्षको प्रथम आठ महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको बिद्यमान स्तरले १२.७ महिनाको वस्तु आयात र १०.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेकोले संचितिको स्तर सुविधाजनक रहेको छ ।




## अन्तर्राष्ट्रिय बजारमा सुन तथा कच्चा पेट्रोलियमको मूल्य स्थिति

३९. गत वर्ष फागुन मसान्तमा सुनको मूल्य अन्तर्राष्ट्रिय बजारमा प्रति औंस अमेरिकी डलर ३९८.१ रहेकोमा यस वर्ष १०.७ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ४४०.७ पुगेको छ । त्यसै गरी, कच्चा पेट्रोलियम (Crude Oil Brent) ५५.३ प्रतिशतले वृद्धि भई प्रति ब्यारल अमेरिकी डलर ३४.४ बाट अमेरिकी डलर ५३.५ पुगेको छ ।

*****